सुदूरपश्चिम प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**धनगढी, कैलाली**

## क्षतिग्रस्त जिन्सी तथा सम्पत्ति (पत्रु/Scrap) बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१६)*

मिति २०८२।०५।२४ गते जेन-जी आन्दोलनको क्रममा यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीको भवन, संरचना तथा सम्पत्तिमा भएको आगजनी तथा तोडफोडवाट क्षति भई सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०८३।०४।१९ को निर्णयबमोजिम मिनाहा गरी लगत कट्टा गरिएका जिन्सी सम्पत्ति, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १०५ बमोजिम गठित पत्रु सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम लिलाम बिक्री मूल्य निर्धारण/मूल्याङ्कन समितिको मिति २०८३।०६।१४ को निर्णयानुसार कायम भएको तपसिलबमोजिमको प्रति के.जी. न्यूनतम दरभन्दा कम नहुने गरी सबैभन्दा बढी दर कबोल गर्ने इच्छुक कवाड व्यवसायी, फर्म, संस्था वा व्यक्ति बाट ७ (सात) दिने सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। (पत्रु मुल्यमा लिलाम बिक्री गर्नुपर्ने सम्पति तथा जिन्सी मालसामानको विवरण कार्यालयको वेवसाईट https://ocmcm.sudurpashchim.gov.np/ मा समेत संलग्न छ ।)

**तपसिलः पत्रु सामग्रीको विवरण र कायम न्यूनतम दर**

| सि.नं. | पत्रुको प्रकार | एकाई | न्यूनतम दर रु./एकाई |
|---|---|---|---|
| १ | फलाम (Iron) | के.जि. | ५० |
| २ | एल्मुनियम (Aluminium) | के.जि. | २५५ |
| ३ | स्टील (Steel) | के.जि. | ५७ |
| ४ | ब्याट्री (Battery) | के.जि. | १४० |
| ५ | टीन (Tin) | के.जि. | ३२ |
| ६ | प्लास्टिक (Plastic) | के.जि. | १६ |
| ७ | कागज (Paper) | के.जि. | १३ |
| ८ | काठ (Wood) | के.जि. | ५ |
| ९ | प्लाई (Plywood) | के.जि. | ५ |

**शर्तहरूः**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनीको हकमा फर्म/संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN)/मू.अ.कर दर्ता प्रमाणपत्र, कवाड व्यवसाय सञ्चालन इजाजतपत्र

विमल प्रसाद बराल
प्रदेश सचिव

(भए) र आ.व.२०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आ.व.२०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित म्याद थपको विवरण अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

२. बोलपत्र फाराम दस्तुर रु. १०००।- (एक हजार रुपैयाँ, फिर्ता नहुने गरी) प्रदेश लेखा नियन्त्रक कार्यालय,धनगढी कैलालीको नाममा रहेको राजश्व खाता नं. १०००१००२०००१००००, कार्यालय कोड ३०१००७७०१७, राजश्व शिर्षक नं. १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर कार्यालयको जिन्सी शाखामा पेश गरि बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

३. बोलपत्र साथ जमानत वापत रु. १०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) बराबरको धरौटी प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढी कैलालीको नाममा रहेको धरौटी खाता नं. ४१७०१००२०२०३००००, कार्यालय कोड ३०१००७७०१७ मा दाखिला गरेको सक्कल बैंक भौचर अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। धरौटी नराखेको वा कम राखेको बोलपत्र स्वतः अस्वीकृत हुनेछ।

४. बोलपत्रमा उल्लेख गरिने दर प्रति के.जी. (वा तोकिएको एकाई) मा हुनुपर्नेछ र न्यूनतम दरभन्दा कम दर कबोल गरिएको बोलपत्र स्वतः रद्द हुनेछ।

५. पत्रु सामाग्रीको प्रकार अनुसार सबैभन्दा बढी दर कबोल गर्ने योग्य बोलपत्रदातासँग मात्र सम्झौता गरिनेछ। कुनै पत्रु सामाग्रीको प्रकारमा एकभन्दा बढी बोलपत्रदाताले उस्तै उच्चतम दर कबोल गरेमा गोलाप्रथाबाट निर्णय हुनेछ।

६. स्वीकृत भएको दरका आधारमा पत्रु मालसामान हटाउने क्रममा सम्बन्धित पत्रुको वास्तविक तौल कार्यालयका प्रतिनिधि, मूल्याङ्कन समितिका पदाधिकारी र सम्बन्धित फर्म/व्यवसायीको प्रतिनिधिको रोहबरमा नापजाँच गरी कायम गरिनेछ र सोही वास्तविक तौललाई स्वीकृत दरले गुणन गरी कुल बिक्री रकम कायम गरिनेछ। कुल बिक्री रकमको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर सम्बन्धित राजश्व कार्यालयमा दाखिला गरि सक्कल भौचर समेत कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. कायम हुने कुल बिक्री रकम सम्झौतामा तोकिएको अवधिभित्र कार्यालयले तोकेको राजश्व खातामा एकमुष्ट रकम दाखिला गरेको र मुल्य अभिबृद्धी कर समेत दाखिला गरेपछि मात्र मालसामान बुझाइनेछ।

८. सकार गर्ने पक्षले सम्झौतामा उल्लेख भएको मितिमा यथास्थानबाट आफ्नै खर्चमा उठाई लैजानुपर्नेछ। लोड-अनलोड, ढुवानी तथा अन्य सम्पूर्ण खर्च र लाग्ने कर समेत स्वयंले व्यहोर्नुपर्नेछ; कुनै पनि रकमको सोधभर्ना कार्यालयबाट हुनेछैन।

९. तोकिएको म्यादभित्र मालसामान नउठाएमा वा कबोल रकम दाखिला नगरेमा राखेको धरौटी रकम जफत गरी सम्झौता रद्द गरिनेछ ।

१०. कुनै पनि शर्त राखिएको बोलपत्र स्वीकृत हुने छैन र निम्न अवस्थाका बोलपत्र स्वतः अस्वीकृत हुनेछन्: (क) बोलपत्र फाराममा दस्तखत नभएको, (ख) केरमेट भएको वा सच्याइएको ठाउँमा दस्तखत नभएको, (ग) नियमानुसार राख्नुपर्ने धरौटी नराखेको वा न्यूनतम दरभन्दा कम दर उल्लेख गरेको।

बिमल प्रसाद बराल
प्रदेश सचिव

११. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले ७ औं दिन कार्यालय समयभित्र हुनेछ।

१२. बोलपत्र खोलिने मिति र स्थानः सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिउँसो १२:०० बजे यसै कार्यालयमा, उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ।

१३. बोलपत्र दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ।

१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. यसमा उल्लेख नभएका अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

१६. थप जानकारीको लागि कार्यालयको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

**प्रदेश सचिव**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
धनगढी, कैलाली

विमल प्रसाद बराल
प्रदेश सचिव

## पत्रु मुल्यामा लिलाम हुने सामानहरु

| क्रम संख्या | सम्पति तथामालासामानको नाम | पत्रु मुल्यमा लिलाम बिक्रि हुने सामानको परिमाण |
|---|---|---|
| १ | अन्य यात्रुजनय साधन(साईकल) | ९ |
| २ | मोटरसाइकल | ७ |
| ३ | स्कुटर | २ |
| ४ | जिप | ६ |
| ५ | डेस्कटप कम्प्युटर | १३ |
| ६ | ल्यापटप | ३ |
| ७ | फोटोकपी मेशिन | २ |
| ८ | टेलिभिजन | ७ |
| ९ | ईन्टरकम टेलिफोन | २ |
| १० | प्रिन्टर | १६ |
| ११ | फ्याक्स मेशीन | ४ |
| १२ | डिजिटल डिस्प्ले बोर्ड | १ |
| १३ | सिलिङ पंखा | ४८ |
| १४ | टेबुल पंखा | १ |
| १५ | जेनेरेटर | १ |
| १६ | एयर कन्डिसनर | २६ |
| १७ | पम्प(पानी तान्ने) | २ |
| १८ | फ्रिज | १ |
| १९ | भ्याकुम क्लिनर | ३ |
| २० | यु पि एस | ११ |
| २१ | ब्याट्री | २ |
| २२ | वाल पंखा | ९ |
| २३ | स्टेबिलाइजेर | ८ |
| २४ | कुलर | १ |
| २५ | गिजर | १ |
| २६ | अन्य विद्धुतिय उपकरण | १ |
| २७ | स्टेन्ड पंखा | ६ |
| २८ | माईको ओभन(Micro Oven) | १ |
| २९ | Kitchen Exhaust Fan | १ |
| ३० | Water Filter | १ |
| ३१ | घास काट्ने मेशीन | १ |
| ३२ | टेवुल | १५ |
| ३३ | कुर्सि | २७ |
| ३४ | स्टिल दराज | ८ |

| | | |
|---|---|---|
| ३५ | रिभल्वभिङ चियर | १६ |
| ३६ | टि टेवल | १ |
| ३७ | बेन्च | १ |
| ३८ | खाट पलङ लोबेड | ३ |
| ३९ | बुक सेल्फ | ३ |
| ४० | स्टील दराज | १२ |
| ४१ | डाइनिङ टेबुल | २ |
| ४२ | भिजिटर चेयर(visitor chair) | २ |
| ४३ | पानी फिल्टर | २ |
| ४४ | सोफासेट | ९ |

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

विमल प्रसाद बराल
प्रदेश सचिव